"समृद्धिको सहयात्री"
तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541559, 541055
Fax: 071-542812
Email: info@tinaumissionbank.com

मिति: २०७७।०२।३०

प.सं. ०७६/७७
च.नं. २६४६

श्री नेपाल स्टक एक्सचेञ्ज
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय: साधारण सभा सम्बन्धमा ।

महोदय,

यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडले आ.व.०७५/७६ को लेखा परिक्षण समाप्त गरि वार्षिक प्रतिवेदन प्रकाशन गर्नको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृती लिइ मिति: २०७७।०३।२५ गते बिहिबार (July 9, 2020), समय: बिहान ११.३० बजे सिद्धार्थ कटेज रेष्टुरेन्ट, बुटवल ९, मिलनचोक, रुपन्देहीमा तेह्रौं वार्षिक साधारण सभा निम्न प्रस्ताव सहित गर्ने गरी संचालक समितिको मिति: २०७७।०२।३० गतेको बैठक नं. २६२ बाट निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :-**

(१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) आ.व.२०७५/०७६ को तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वासलात, मिति २०७५/०४/०१ देखि २०७६/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र यसका अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) आ.व.२०७५/०७६ को साविक मिसन डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ ३० गतेसम्मको वित्तीय विवरणहरु गरी पारित गर्ने ।

(४) आ.व.२०७५/०७६ को साविक नेपाल कम्यूनिटि डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वासलात, मिति २०७५/०४/०१ देखि २०७६/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र यसका अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(५) बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । साथै साविक नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेडको यस आ.व.२०७६/७७ को मिति २०७६/०८/२१ गते सम्मको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(६) बैंकको नियमावली अनुसार संस्थापक शेयरधनी (समूह "क") को तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण शेयरधनी (समूह "ख") को तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :-**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको हाल कायम रहेको चुक्ता पूँजी रु.१,१४,४१,६८,१२५.७६ को १२ प्रतिशतले हुने रकम रु.१३,७३,००,१७५.०९ बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति गर्ने ।

(२) बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजीको ३:१ (तीन कित्ता शेयर बराबर थप एक कित्ता शेयर) को अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृति गर्ने ।

(३) प्रबन्धपत्र तथा विनियमावलीमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने ।

(४) साविकको मिसन डेभलपमेण्ट बैंक लिमिटेड र नेपाल कम्युनिटि डेभलपमेण्ट बैंक लिमिटेडको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता खारेजी र कर कार्यालयमा हिसाव फाछ्यौंट गरी पान नं., दर्ता खारेजी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(५) तिनाउ मिसन डेभलपमेण्ट बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासंग एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धमा समझदारी पत्र तयार गरी हस्ताक्षर गर्ने, बैंकको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व मुल्याकंन

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541559, 541055
Fax: 071-542812
Email: info@tinaumissionbank.com

गर्न मुल्याकंनकर्ता लेखापरीक्षक नियुक्ति गर्ने, निजको पारिश्रमिक तोक्ने, मर्जरको लागि समिति गठन गर्ने तथा आवश्यक अन्य सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(६) साधारण सभाद्धारा स्वीकृत गरिएको प्रस्तावित प्रबन्धपत्रको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न वा सच्याउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविधः**

भवदीय

..............................

प्रदिप कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत
तथा
कम्पनी सचिव